# मोलुङ गाउँपालिका

## मोलुङ गाउँ कार्यपालिकाको कार्यालय

# स्थानीय तह लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/११/१६

प्रमाणीकरण मिति : २०७७/११/१७

# स्थानीय तह लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

## मोलुङ्ग गाउँपालिका, ओखलढुङ्गा

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मोलुङ्ग गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "स्थानीय तह लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ मोलुङ्ग गाउँपालिका, ओखलढुङ्गा)" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाले पारित गरेपछि लागू हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "कार्यालय" भन्नाले मोलुङ्ग गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको स्थानीय तह लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्दछ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्दछ ।

३. **कोषको स्थापना :** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) गाउँपालिकाले कोष परिचालनका लागि छुट्याएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम गाउँपालिकाले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषमा रकम जम्मा गर्ने** : महिला हक हीतका क्षेत्रमा गाउँपालिकाको क्षेत्रभित्र कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको गाउँपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नुपर्नेछ ।

५. **कोषको उपयोग** : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेशबमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न, ,

(घ) संकटासन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि अल्पकालीन सेवा केन्द्र संचालनका लागि माग भई आएमा त्यस्तो केन्द्रको लागि रकम प्रदान गर्न,

(ङ) अल्पकालीन सेवा केन्द्र संचालनका लागि रकम प्रदान गर्न,

(च) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(छ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानका रुपमा प्रदान गर्न,

(ज) हिंसापीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र संचालन गर्न,

(झ) हिंसापीडितलाई पुनर्स्थापना गराउन,

(ञ) सरकार/गाउँपालिका विपक्षी भएको लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन,

(ट) एकद्वार संकट व्यवस्थापन केन्द्र वा सुरक्षित आवास संचालनका लागि स्थापित साझा कोषमा रकम प्रदान गर्न,

(ठ) स्थानीय तहमा उपचार हुन नसक्ने मुनासिब सिफारिस भएमा हिंसा पीडित महिलालाई विशेषज्ञता प्राप्त अस्पतालमा प्रेषण गर्नुपर्ने अवस्था आएमा वा पीडितको सुरक्षा संवेदनशीलता वा दीर्घकालिन आश्रय तथा सीपविकासका लागि अन्यत्र प्रेषण गर्न ।

द्रष्टव्य: दफा ५ (ट) मा जेसुकै लेखिएको भएता पनि नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको रकमबाट भने यस्तो केन्द्र संचालन गर्न खर्च गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

७. **तत्काल उद्धार तथा राहत समितिको गठन** : (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतका लागि एक तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) अध्यक्ष | संयोजक |
| (ख) उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख | सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (च) गाउँपालिकाको कानुन अधिकृत | सदस्य |
| (छ) लेखा प्रमुख | सदस्य |
| (ज) गाउँपालिका भित्र लैङ्गिक हिंसा तथा महिला सशक्तीकराणका क्षेत्रमा काम गर्ने संस्थामध्ये कुनै १ संस्थाका प्रतिनिधि १ जना | सदस्य |
| (झ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक इकाई प्रमुख | सदस्य सचिव |

(३) समितिको पदावधि २ वर्षको हुनेछ ।

(४) समितिको सचिवालय गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणका सम्वन्धमा गाउँपालिकाबाट स्विकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा रकम व्यवस्था गर्ने,

(ग) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ङ) गाउँपालिकास्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) लैङ्गिक हिंसा हुन नदिनका लागि स्थानीयस्तरमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) नगर भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ज) सीपमूलक तालिम सञ्चालन तथा व्यवसायका लागि खर्च अनुदान व्यवस्थापन गर्ने,

(झ) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने अन्य निकाय (प्रहरी, वडा कार्यालय, सुरक्षित आवास, OCMC) तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने,

(ट) लैङ्गिक हिंसा निवारण सम्बन्धि अन्य काम गर्ने वा गराउने ।

९. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) समितिले आवश्यक ठानेमा लैङ्गिक हिंसा, महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्ने संघ संस्थाका पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

१०. **कोषमा रकम उपलब्ध गराउने:** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गाउँपालिकाले कोषको नाममा रकम निकाशा दिनेछ ।

११. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्न समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसँग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा १ (ख) मा जेसुकै लेखिएको भएता पनि उपदफा १ (क) मा प्राप्त गरिसकेको भएमा वास्तविक खर्च हेरी निर्णय गर्न सकिनेछ ।

१२. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसुचिमा ताकिएको ढाँचामा समितिमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा १३ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१३. **तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस नियमावलीमा अन्यत्र जेसुकै लेखिएको भएता पनि जलाइएको, एसिड प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधिउपचार, पुनर्स्थापना वा राहत वा एम्बुलेन्स वा अन्य सवारी साधन प्रयोग गर्ने लगायतको प्रयोजनका लागि तत्काल रकम उपलब्ध नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र समितिको तत्काल बैठक बस्ने अबस्था नरहेमा समितिको संयोजकले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१४. **थप रकम निकासा माग गर्न सक्ने :** (१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाई प्रमुख प्रशासकीय अधिकृतसँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रिय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ ।

१५. **छुट्टै खाता खोल्नु पर्ने :** गाउँपालिकाले कोषका लागि प्राप्त भएको रकम समितिको नाममा कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

१७. लैंगिक हिंसा निवारणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा नेपाल सरकारका अन्य निकाय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त बजेट तथा कार्यक्रम माफदण्ड तोकिई आएकोमा सोही बमोजिम र नतोकिएकोमा यसै कार्यविधि बमोजिम खर्च गर्न सकिनेछ ।

१६. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१७. **आवर्ति (रिभल्भीङ) कोष :** यो कोष आवर्ति (Revolving) कोषको रुपमा रहनेछ ।

१८ **प्रतिवेदन पेश गर्ने:** (१) समितिले समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन प्रत्येक तीन महिनामा गाउँकार्यपालिकामा तथा प्रत्येक छ महिनामा केन्द्रिय तत्काल उद्धार राहत समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँ सभाका लागि पालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

१९. **बैठक भत्ताः** समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत बैठक भत्ता उपलब्ध गराउनुपर्ने अवस्थामा कानून बमोजिमको रकम गाउँपालिकाको अन्यत्र कोषबाट व्यवस्था गर्न सकिनेछ ।

२०. **निर्देशन दिन सक्ने :** (१) गाउँपालिकाले समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

अनुसुचि
(नियम १२ सँग सम्बन्धित)

**विषय : सहयोग उपलब्ध गराई पाऊँ ।**

श्री संयोजकज्यू,
स्थानीय तत्काल राहत तथा उद्धार समिति
मोलुङ्ग गाउँपालिका, ओखलढुङ्गा ।

म ........................मा बस्ने वर्ष ...... को .............................. मिति ......................... मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिकस्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (.................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/उद्धार/मनोविमर्श/स्वरोजगार/सीपमुलक तालिम/पुनर्स्थापना/अन्य ......................... कामका लागि सहयोग आवश्यक परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको :

नाम, थर :

ठेगाना :

दस्तखत :

मिति :